**नेपालका महालेखापरीक्षक**

**बबरमहल, काठमाडौं नेपाल**

**महालेखा परीक्षकको कार्यालयको ६३औं वार्षिकोत्सवको अवसरमा माननीय महालेखा परीक्षकको <u>शुभकामना सन्देश</u> ।**

**प्रिय कर्मचारी मित्रहरु,**

आज २०७८ साल आषाढ महिनाको १५ गते । महालेखापरीक्षकको कार्यालय २०१६ सालमा आजकै दिन स्थापना भएको थियो । आज कार्यालयको ६३औं बार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयका उप-महालेखापरीक्षक, नायवमहालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायत सबै कर्मचारी वर्गमा भर्चुअल माध्यम मार्फत नै हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, आज बार्षिकोत्सवका सन्दर्भमा पुरस्कृत हुनु भएका कर्मचारीहरुलाई हार्दिक बधाई दिन चाहान्छु । भविष्यमा समेत तपाईहरु र अन्य कर्मचारी साथीहरुबाट थप उत्कृष्टता हासिल हुने अपेक्षा गरेको छु ।

यस अवसरमा मुलुकको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा कार्यालयलाई आजको हैसियत र उचाई सम्म पुऱ्याउन योगदान गर्नु हुने नेपाल सरकार, संघीय संसद र अन्तर्गतका समितिहरु, संबैधानिक निकायहरु, प्रदेश सभा र समितिहरु, स्थानीय तह, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु, पूर्व महालेखापरीक्षकज्यूहरु, कार्यालयका पूर्व कर्मचारीहरु, आम सञ्चारकर्मी लगायत नेपाल सरकारका विभिन्न निकायका पदाधिकारी सहित सम्पूर्ण प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अहिले हामी गत बर्ष देखि नै विश्वव्यापी रुपमा आएको कोभिड-१९ महामारीको चपेटामा परेको छौं । कोभिड-१९ को संक्रमणमा परी उपचाररत कर्मचारी तथा तीनका परिवारजनको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस्तो बिषम परिस्थितिमा समेत कुनै बिचलित नभई आफनो जिम्मेवारी निर्वाह गर्ने सबै कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद भन्न चाहान्छु ।

**प्रिय कर्मचारी मित्रहरु**

नेपालको संबिधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, तीनै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरु र अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखा नियमितिता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र

औचित्य समेतको दृष्ट्रिकोणले परीक्षण गरी सम्माननीय राष्ट्रपतीज्यू समक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था छ । कार्यालयले आवधिक रणनीतिक योजनाहरु र महालेखापरीक्षकको ६ बर्षे कार्ययोजना कार्यान्वयन गर्दै आएको छ । यी कार्ययोजना सँगै नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था एवं निर्दिष्ट लक्ष्य उद्धेश्य हासिल गर्न सार्वजनिक लेखापरीक्षणसँग सम्बन्धित विभिन्न विषयमा सुधारका कार्य सम्पन्न भएका र कतिपय सुधारको क्रममा रहेका छन् । महालेखा परीक्षकको ६ बर्षे कार्ययोजना अनुसार बिगत ४ वर्षमा भएको प्रगति र सुधारका कार्य यसअघि वेभसाईट मार्फत सार्वजनिक भइसकेको छ ।

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ । यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यसम्पादनको आवधिक रुपमा मूल्यांकन गर्ने प्रचलन अनुसार थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट हाम्रो कार्यसम्पादन मूल्यांकन भई प्राप्त मस्यौदा प्रतिवेदन अनुसार हाम्रो विगतको कार्यसम्पादन स्थिति उच्चस्तर र सन्तोषजनक रहेको छ । लेखापरीक्षण ऐन, २०७५ कार्यान्वयनमा आईसकेपछि नयाँ लेखापरीक्षण नियमावलीको आवश्यकता रहेकोले लेखापरीक्षण नियमावली तर्जूमाको चरणमा रहेको छ ।

महालेखापरीक्षकको कार्यालय स्थापनाको अवधीमा ५७ वटा बार्षिक प्रतिवेदन प्रस्तुत भईसकेको छन् । मेरो कार्यकालमा नेपालको संविधान बमोजिम महालेखापरीक्षकको ५५ औं, ५६ औं र ५७ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष र आर्थिक बर्ष २०७४/०७५ र २०७५/७६ को प्रदेशगत वार्षिक प्रतिवेदनहरु माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गरिएको छ भने सम्पूर्ण स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरु समेत सँगसँगै जारी गरिएका छन् । हाल आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, प्रदेशगत वार्षिक प्रतिवेदन र स्थानीय तहका अन्तिम लेखापरीक्षण प्रतिवेदनहरु असार मसान्तसम्ममा पेश गर्ने गरी कार्यतालिका बमोजिम अन्तिम चरणको कार्य भईरहेको छ । यसमा सदा झैं सबै कर्मचारीको सक्रिय सहभगिताको लागि आग्रह गर्दछु ।

**प्रिय कर्मचारी मित्रहरु**

हाम्रो कार्यालयको कमजोर भौतिक सुविधाको कारणले कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरणको कमी रहेको मैले महसुस गरेको छु । सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ गते शिलन्यास भएको अनामनगरस्थित नयाँ कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको र निकट भविष्यमा भवन सञ्चालनमा आएपछि बिद्यमान अवस्थामा कार्यालय संचालन र स्रोत साधनको व्यवस्थापनमा थप सहजता हुने विश्वास लिएको छु ।

महालेखापरीक्षकको स्वायतता तथा प्रभावकारीताको लागि यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा समूह रहेको भएता पनि सेवाको संचालन नेपाल सरकारबाट भईरहेको छ। अन्य निजामती कर्मचारी र यस कार्यालयका कर्मचारी बीच सेवा शर्त र सुविधामा कुनै फरक छैन। यस नीतिले यस कार्यालयमा कार्यरत कर्मचारीलाई सबैधानिक निकायमा निभाएको भूमिकाको छुट्टै मूल्यांकन गरी बिशेष व्यवस्था गर्न सकिएको छैन। तसर्थ, यस्तो नीतिमा परिबर्तन गरी यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा शर्त र सुविधा हुनु पर्ने कुरामा मेरो ध्यानाकर्षण भएको छ। यसको पहिलो प्रयासको रुपमा लेखापरीक्षण सेवा सञ्चालन सम्वन्धी नियमावली कार्यान्वयन आइसकेको छ। अब क्रमशः थप व्यवस्थाहरु गर्दै जानुपर्ने देखिएको छ।

त्यस्तै, सरकारी लेखापरीक्षण अनुसन्धान तथा विकास र संस्थागत स्मरणको लागि लेखापरीक्षण अनुसन्धान तथा अभिलेखालय (Audit Research & Archive Center), जनशक्ति विकासको लागि सुविधा सम्पन्न लेखापरीक्षण उत्कृटता केन्द्र (Audit Excellence Centre) तथा सूचना प्रविधि केन्द्रको (Information Technology Centre) स्थापनाका साथै लेखापरीक्षण गुणस्तर आश्वस्तता ईकाइलाई थप सुदृढ र प्रभावकारी बनाईनु पर्ने देखिएको छ ।

देशभरका तीनै तहका सरकार र त्यस अन्तर्गतका निकायहरुको लेखापरीक्षण कार्य सम्पन्न गर्न काठमाडौंमा आधारित कार्यालयबाट मात्र संभव देखिदैन। प्रदेश तहमा समेत कार्यालयहरु स्थापना गर्ने प्रयोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भई नेपाल सरकारमा पेश भईसकेको छ। त्यसैले यथाशिघ्र प्रदेशस्तरमा कार्यालय स्थापना गरी संचालनमा ल्याउने तर्फ समेत ध्यान केन्द्रित गरिने छ।

**प्रिय कर्मचारी मित्रहरु,**

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा चूनौतीहरु थपिएका छन् । हामीसँग उपलब्ध सिमित मानवीय तथा भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था र कोरोना महामारी जस्ता समस्याहरुले उत्पन्न परिस्थितिको सामना गर्न थप चुनौती देखिएको छ। यस परिस्थितिमा प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्न हाम्रो संगठनात्मक व्यवस्था र जनशक्ति, कार्य प्रणाली र कार्य प्रक्रियामा र कार्यसंस्कृतिमा पुनरावलोकन गर्न जरुरी छ। हाम्रो जनशक्तिको क्षमता विकास र पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था गरी नविनतम् प्रविधिको प्रयोगद्वारा जोखिममा आधारित लेखापरीक्षण प्रणाली अवलम्वन गरी पेशागत आचरणको पूर्णपालना गर्दै यस्ता चुनौती सामना गर्न सकिनेमा मेरो विश्वास रहेको छ ।

हामी महालेखापरीक्षकको ५८ औं बार्षिक प्रतिवेदनको तयारीको क्रममा छौं । कोभिड महामारीका बीचमा हामी यो कार्य गर्दै छौं । यस बिषम परिस्थितिमा समेत हामी चुनौतीलाई अबसरमा परिबर्तन गर्ने गरी कार्य सम्पादन गर्नु पर्नेछ । यस जटिल अवस्थामा आफूलाई तोकिएका कार्यसम्पन्न गर्न अनवरतरुपमा जुटनका लागि आग्रह सबै कर्मचारीमा आग्रह गर्दछु । साथै, यस्तो असहज परिस्थितिमा समेत बिचलित नभई जिल्ला जिल्लामा स्थलगत लेखापरीक्षण सम्पन्न गर्ने र कार्यालयमा अनवरत काम गर्ने सबै कर्मचारीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आजको बार्षिकोत्सवको अवसरमा महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा सहयोग, सल्लाह र सुझाव प्रदान गर्नु हुने सबै संवैधानिक तथा सरकारी निकायका पदाधिकारीहरु, संघीय संसदका समितिहरु, प्रदेशसभा तथा त्यसका समिति र प्रदेश सरकारका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका सर्वोच्च लेखापरीक्षण संस्थाका छाता संगठनहरु, विकास साझेदार, पारदर्शिता र जवाफदेहिताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु, आम संचारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति, कार्यालयका सबै कर्मचारीहरु लगायत सबै सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दे आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु ।

**अन्तमा**

हामी अझै पनि कोभिड-१९ को त्राशबाट मुक्त भएका छैनौं । हामी सवैको साझा प्रयास र आपसी समन्वयद्धारा कोभिड-१९ लाई परास्त गर्न सकौं । यसको संक्रमणको भयबाट सदाको लागि मुक्त भई हामी चांडै नै पुनः सामान्य जीवनमा फर्की सदा झै एकापसमा भेटघाटगरी काममा जुटन सकौँ भन्ने अपेक्षा सहित यहाँहरु सम्पूर्णमा आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

तपाई र तपाईको परिवारमा सुस्वास्थ्यको लागि हार्दिक शुभकामना ॥ धन्यवाद ।

**टंकमणि शर्मा दंगाल**

**२०७८।३।१५**